# मिर्मिरे
माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजत-पत्र प्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : बनेपा न.पा. वडा नं. ५ काभ्रेपलान्चोक

फोन नं. ०११-६६२३११, ०११-६६२३१२, फ्याक्स ०११-६६२३१२

E-mail : info@mirmirebank.com.np, Website: www.mirmirebank.com.np


# Unaudited Quarterly Financial Statement

## As at 2nd Quarter(29/09/2073) of the Fiscal Year 2073/74

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **720,956.11** | **585,579.68** | **326,245.32** |
| 1.1 | Paid-up Capital | 30,000.00 | 20,000.00 | 20,000.00 |
| 1.2 | Reserves and Surplus | 23,664.06 | 23,126.43 | 15,433.16 |
| 1.3 | Debenture and Bond | | - | - |
| 1.4 | Borrowings | 496,373.28 | 394,733.28 | 224,587.46 |
| 1.5 | Deposits (a+b) | **135,505.55** | **110,268.57** | **50,088.43** |
| | a. Domestic Currency | 135,505.55 | 110,268.57 | 50,088.43 |
| | b. Foreign Currency | | - | - |
| 1.6 | Income Tax Liabilities | | - | - |
| 1.7 | Other Liabilities | 35,413.21 | 37,451.40 | 16,136.28 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **720,956.11** | **585,579.68** | **326,245.32** |
| 2.1 | Cash & Bank Balance | 100,133.38 | 33,646.65 | 39,080.91 |
| 2.2 | Money at call and short Notice | | - | - |
| 2.3 | Investments | 1,000.00 | - | - |
| 2.4 | Loans & Advances | **580,606.44** | **516,457.20** | **270,172.72** |
| 2.5 | Fixed Assets | 14,587.29 | 10,292.83 | 8,308.82 |
| 2.6 | Non Banking Assets | | - | - |
| 2.7 | Other Assets | 24,629.00 | 25,182.99 | 8,682.87 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 47,787.34 | 21,540.64 | 24,687.91 |
| 3.2 | Interest Expense | 15,089.40 | 6,429.86 | 7,778.35 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **32,697.93** | **15,110.77** | **16,909.56** |
| 3.3 | Fees Commission and Discount | | - | - |
| 3.4 | Other Operating Income | 6,258.39 | 3,187.37 | 4,901.23 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **38,956.33** | **18,298.14** | **21,810.79** |
| 3.6 | Staff Expenses | 15,229.97 | 8,316.84 | 7,454.30 |
| 3.7 | Other Operating Expenses | 7,635.41 | 2,914.64 | 4,028.01 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **16,090.94** | **7,066.66** | **10,328.48** |
| 3.8 | Provision for Possible Loss | 4,714.79 | 3,339.60 | 1,813.16 |
| **D** | **Operating profit (C-3.8)** | **11,376.15** | **3,727.06** | **8,515.32** |
| 3.9 | Non Operating Income/Expenses (Net) | | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 1,828.06 | 1,206.54 | 275.17 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **13,204.21** | **4,933.60** | **8,790.49** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **13,204.21** | **4,933.60** | **8,790.49** |
| 3.12 | Provision For Staff Bonus | 1,200.38 | 448.51 | 799.14 |
| 3.13 | Provision For Tax | 3,601.15 | 1,345.53 | 2,397.41 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **8,402.68** | **3,139.57** | **5,593.95** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 8.60% | 8.63% | 12.91% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 1.11% | 1.27% | 2.43% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 171.08% | 157.19% | 93.49% |
| 4.4 | Cost of Funds | 7.30% | 6.12% | 6.15% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 84.96% | 94.22% | 87.12% |
| | **Additional Information (Optional)** | | | |
| | Average Yield (Local Currency) | 16.46% | 16.68% | 18.28% |
| | Net Interest Spread (Local Currency) | 17.53% | 11.59% | 12.61% |
| | Return on Equity | 28.01% | 15.70% | 27.97% |
| | Return on Assets | 1.83% | 0.84% | 1.71% |

**Note: If the statutory audit and supervisory authority notify any remarks to change the unaudited financial statement could change accordingly.**

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को अनुसूची १४(नियम २२ को उपनियम २ संग सम्बन्धित)**

# आ.व. २०७३।७४ को दोश्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण** :

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यस माईक्रोफाईनान्स डेभलपमेन्ट बैंकको दोश्रो त्रैमासिक नाफा नोक्सान तथा २०७३ पौष मसान्त सम्मको वासलात सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी अनुपात (बार्षिकमा) | मुल्य आम्दानी अनुपात P/E Ratio | तरलता अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मुल्य |
|---|---|---|---|---|
| ५६.०२% | २९.३३% | ७४% | १७८.८८ | २,४०३.१९ |

२. **व्यवस्थापकिय विश्लेषण** :

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धि विवरण** : गत त्रैमासिक अवधिमा यस बैंकको मौज्दात, आम्दानी र तरलतामा व्यवस्थापनले अनुमान गरे अनुरुप नै उत्साहजनक रुपमा बृद्धि भएको देखिन्छ । हाल सम्म यस बैंकको वित्तीय स्थिति व्यवस्थापनको योजना अनुरुप नै रहेको छ । बैंकले ग्राहक सदस्यहरुलाई गुणस्तरीय सेवा प्रदान गरी शाखा तथा कार्यक्रम विस्तार व्यवसायिक योजना अनुरुप गरी कर्जा लगानी, ब्याज आम्दानी , प्रति शेयर नेटवर्थ, मूल्य आम्दानी अनुपात लगायत सम्पूर्ण कारोवारहरु उत्साहजनक रुपमा बृद्धि भएको देखिन्छ ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : गत बर्षको आश्विन महिना सम्ममा १० जिल्ला कार्यक्षेत्र रहि १४ शाखाबाट बैंकले लघुवित्तीय सेवा प्रदान गर्दै आईरहेकोमा ने.रा. बैंकबाट रुकुम, रोल्पा, सल्यान, प्युठान र अर्घाखाँची गरि ५ पहाडी जिल्ला थप भई १५ जिल्ला कार्यक्षेत्र भए पश्चात चालु आ.ब.को दोश्रो त्रयमाश सम्ममा २९ शाखाहरुबाट यस बैंकले बिपन्न बर्गका व्यक्तिहरुलाई लघुवित्तीय सेवा प्रदान गर्दै आईरहेको छ । आर्थिक वर्ष २०७३/७४ मा बैंकको कार्यक्षेत्र अन्तर्गत वित्तिय पहुँच नपुगेका ग्रामीण क्षेत्रमा शाखा विस्तार गरि अझ प्रभावकारी रुपमा सेवा विस्तार गर्ने लक्ष्य रहेको छ ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पर्नसक्ने घटना आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : बिगतमा प्रगतिको अनुपातलाई हेर्दा बैंकले लिएका लक्ष्यहरु पुरा भएको हुँदा अन्य बर्ष पनि सबै लक्ष्यहरु हासिल हुनेमा बैंक व्यवस्थापन विश्वस्त छ । साथै नकारात्मक असर पार्न सक्ने घटना हुन नदिन संस्था सदैब सचेत छ ।

३. **कानुनी कारवाहि सम्बन्धी विवरण** :

क) गत त्रैमास अवधिमा यस संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्धा दायर भएको छैन ।

ख) यस संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन ।

४. **लघुवित्त विकास बैंकको शेयर कारोबार तथा प्रगतिको विश्लेषण** :

क) शेयर कारोवार धितोपत्र बोर्डबाट निर्देशित रहने हुँदा यस बैंकको शेयर कारोवार दोस्रो बजारमा सकारात्मक रहेको छ । लगानिकर्ताको यस संस्था प्रतिको विश्वास बढ्ने क्रममा रहेको हुँदा बैंकको व्यवसायिक अभिवृद्धि संगै कारोबार मूल्य धनात्मक रुपमा बढ्दै गईरहेको र भविष्यमा झनै उत्साहजनक रुपमा बढ्ने अपेक्षा गरिएको छ ।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाईट www.nepalstock.com.np अनुसार मिति २०७३।०७।०१ देखि २०७३।०९।२९ सम्मको अवधिमा यस संस्थाको शेयर कारोवार निम्न विवरण अनुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | करोबार दिन | कारोबार संख्या | कारोबार रकम | कारोबार कित्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३,३९५ | १,६४२ | १,६४३ | ३४ | १८० | २,४९,९२,७०० | ८,७५० | |

५. **समस्या तथा चुनौती** :

क) लघुवित्त संस्थाहरुको स्थापना हुने क्रम जारी रहेको हुँदा यी संस्थाहरुबीच उत्पन्न बढ्दो प्रतिस्पर्धा, दोहोरोपनाको समस्या, दक्ष जनशक्तिको व्यवस्थापन तथा कोष व्यवस्थापनलाई बैंकले समस्या र चुनौतिको रुपमा लिएको भएतापनि काबु बाहिरको स्थिति बाहेक उपरोक्त समस्या तथा चुनौति समाधान गर्न ग्रामिण क्षेत्रमा कार्यविस्तार गर्ने, सदस्यहरुलाई सेवाको विविधकरण गरी सहज र सरल तवरले व्यवसायिक तालिम समेत दिई सेवा प्रदान गर्ने, कारोवारमा प्रविधिको प्रयोगलाई बढाउँदै लैजाने, कर्मचारीहरुलाई दक्ष बनाउन आवश्यक प्रशिक्षण दिने, बैंकमा आवद्ध सदस्यका व्यवसायहरु प्रबर्द्धन गराई बचत जम्मा गर्नको लागि प्रेरित गर्ने आदि रणनीतिहरु बैंकले लिएको छ ।

६. **संस्थागत सुशासन** :

संस्थागत सुशासनका लागि बैंक सदैव प्रतिवद्ध रहेको छ । संचालक समितिका काम कारवाहीहरु तथा बैंकका अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा संचालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनभूती गराउन बैंक सदैव क्रियाशील छ ।

क) यस बैंकको सञ्चालक समिति तथा व्यवस्थापन, शेयरधनीहरु लगायत सम्पुर्ण सरोकारवालाहरुको हित संरक्षण तथा प्रबर्द्धन गर्न सदैव प्रतिवद्ध रहेको अवगत गराईन्छ । नेपाल राष्ट्र बैंक तथा विद्यमान ऐन कानुन र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरि संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि संचालक समितिले विभिन्न नीति निर्देशिकाहरु निमार्ण गर्ने र उक्त निति निर्देशनलाई व्यवस्थापनले कार्यान्वयन गर्दै आईरहेको छ ।

ख) संस्थागत सुशासन परिपालनाको लागि प्रबन्धपत्र नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा लगानी तथा असुली निर्देशिका, कर्जा अपलेखन विनियमावली, समुह व्यवस्थापन तथा तालिम निर्देशिका तथा ऋणी सुरक्षण निर्देशिका बनाई लागु गरिएको छ । बैंकले गर्ने कार्यहरु पारदर्शी र नियमसंगत तवरले सञ्चालन गर्नका लागि संचालक समिति लगायत बैंकका सबै समिति तथा उप-समितिहरु क्रियाशिल रही अन्य आवश्यक आन्तरिक निती-नियमहरु बनाई लगू गरिएका छन् ।

ग) संस्थाले आफ्नो कारोवार तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक तथा ब्यबस्थापन तहमा लेखापरिक्षण समिति, कर्मचारी सेवा सुविधा तथा ब्यबस्थापन समिति, जोखिम व्यवस्थापन समिति लगायतका अन्य आवश्यक उपसमिति गठन गरि सस्था सञ्चालन गरिरहेको छ ।

७. **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने वुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् । लगानी कर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

८. **नियम २२ को उपनियम (५) संग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण** : छैन ।